प्रश्न : कैकसा जी नमस्कार सन्चै हुनुहुन्छ

उत्तर : हजुर सन्चै छु हजुर को के छ

प्रश्न : म पनि ठिक छु कैकसाजी आजचै हामी महिलावादी आन्दोलनलाइ योगदान पुर्याएको महिलाहरुको कथा जस्तैचाहि अनुभवहरु अनि महिला आन्दोलंन समुदायमा कामगर्दै गर्दाखेरका भोगाइहरू सिकाइहरूको अभिलेखिकरण गर्ने प्रक्रियामा छौ अब यसै सन्दर्भमा तपाइले आफ्नो परिचय बाल्य अबस्था जन्म अबस्था कसरी चाही यो अभियानमा लाग्नु भयो लगायतका कुराहरु रखिदिनुसन

उत्तर : हस हुन्छ धन्यबाद फेरी सबै जनालाई नमस्ते अस्लाम वालिकुम म चाहि कैकसा अन्सारी घर चाहि मेरो नेपालगँज हो । अनि अब मेरो चाहि बालअबस्था भन्दाखेरी चाही म एउटा मुस्लिम अमुदायलाइ प्रतिनित्व गर्छु र मेरो घर चाही नेपालगन्ज वाडा न-३ हो अहिलेको पहिला चाही ९ थियो अब मेरो घरमा चाही ५ दिदि भाइ बहिनीहरू छौ ममी बुवा गरेर ७ जना र अहिले चाहि दाइको बिहे भसकेको छ र एउटा भाइ छ बहिनी र म छु र मेरो बाल्यकाल भन्दाखेरी अब जस्तो हजुरहरुलाई पनि सबैलाई नै थाहा छ की मुसलिम समुदायमा अरुभन्दा अलिकति महिलाहरुलाइ चाहि बाहिर निस्किनमा अलिक बन्देज गरिएको छ त्यसको आफ्नै त्योकुराहरुमा चाहि नलागौ तर चाहि पढाइदेखिलिएर हरेक कुरामा बन्देज गरिएको देखिन्थयो जेहोस अहिले धैरै फरक भइसकेको छ तरपनि जति खेर म स्कुलमा थिए अथवा मैलै पढने बेला थियो तेति बेला चाहि मैलै पढाइको लागि पनि सँघर्ष गरेको हो। जस्तो कि अब मुसलिम समुदायमा स्कुलहरुमा भन्दा पनि मर्दसामा पढाइने गरिन्छ । अहिलेपनि पढाउछन अथवा चाहि अब मुसलिमहरुका आफ्नै एउटा धर्म को बुक छ कुरान त्यो पढ्नलाई चाही कीत मदर्सा जानुपरो कित मोलबि मलानाहरु आएर घरमाचाहि पढाउनु हुन्छ त्यसरी चाही अब खासगरी महिलाहरुले पढनु हुन्छ अनि पुरुषहरुलाइ बाहिरपनि पढन जानदिनुहुन्छ अथवा स्कुलमा बोर्डिङगमा सरकारी स्कुलमा अथवा मर्दसा जा पनि पढनको लागी जान दिनुहुन्छ उहाहरुलाई तेति धैरै रोकटोक थिएन पहिला देखिनै मेरो कुरागर्दा खेर अव मेरो बुवा चाही नेपालको र मेरो ममी चाही इनडियन तर चाहि मेरो फ्यामलि अथवा भनुमन मेरो ममिको एताको फ्यामलिहरुमा चाहि सबैजाना पढेलेखेको हुनाले मेरो ममीले चाही मलाई र मेरो भाई बहिनि दाई सबैजानालाई पढनलाई चाहि एकदंमै प्रोतसाहीत गर्नुहुन्थ्यो पढनु पर्छ भनेर त्यसमा चाही मेरो बुवालेपनि जेहोसं ममिको कुरा सुनेपछी सर्पोट गर्नुहुन्थ्यो अथवा भनुम न जस्तो अब ठुलोबुवाको परीवार होस अथवा हजुरबुवाको दाईभाईको परवारमा चाही तेस्तो तेती धैरै पढ्न तिर चाहि इक्षा राखनु हुन्थीयो उहाहरु पढनुहुदैन भन्नै उहाहरूको कुरा हुन्थ्यो । मेरो ममिले जहिले पनी होईन छोरा होस छोरी होस सबै पढनुपर्छ भन्ने चाही उसमाहुन्थयो त्यो भकोहुनाले चाहि हामिहरु पढनचाही पाइंम र मैइले चाहि मर्दसामा पढीन म

चाही सरकारी स्कूलबाट मास्टर सम्म पढेको हो र मेरो बहिनि र भाई बोर्डिङग स्कुलबाट पढनुभको त्यो चाही आफ्नै इक्छाले पढेको मलाइचाही कुनै रोक थिएन तिंमि बोर्डीङमा जान पाउदैनऊ भन्ने रोकथीएन तर अब तेती बेला हुन्छनि जस्तो अब फ्यामलिहरुमा चाही सबैजानाले एजुकेसनलाई यति महत्व दिएको भए अलिकता हुनछनी ले कोइन्सन गर्छनि तिमि बोर्डिन्डगमा पढेकोभए अझराम्रो हुन्छ अथवा यो सबजेक्ट लियोभने धेरैराम्रो हुन्छ अगाडिको लागी भबिष्य राम्रो हुन्छ तेस्तो गाइडेन्स गर्ने मान्छेहरु चाही थिएन्न् तिमि जेगर आफैले गर्ने हो सर्पोट चाहि घरबाट अ ल तिमि पढन चाहन्छौ भने हामी पढाउछौँ त्यो बाहेकको अरु टेकनिकल कुराहरु गाइडेन्सको कुराहरु चाही गर्ने भएन तर अब तेतिबेला चाहि मैले एस एल सी गर्दा खेरी अब एस एल सी पछी के पढने भन्नै हुन्थ्यो हुन्छ कि मान्छेलाइ फिउचर प्लानिगङ हुन्छ त्यो अहिले आएर एकदम खड्कीरहन्छ कि के गरे साथिहरुको लहैलहैमा लागे उनिहरुले जे सबजेक्ट चुने मैलेपनि त्यलाइ नै चुनेर पढे ।

बिस्तारै चाहि अगाडी बढ्दै गए २ पनि पास गरे अनि ब्याचलरमा एडमिसन लिए अनि ब्याचलर सुरु भयो । अनि फातिमामा पनि काम गरिराथिए । पछि चाहि मलाई याद छ एउटा प्रोग्राम थियो । सि.वि.न नेपालले अग्रनाईज गरेको यो एडुलेसन सम्बन्धि ट्रेनिगं थियो । १५ दिनको ट्रेनिगं थियो । त्यो चाहि म कहिले बिर्सीन्न मलाई तेती बेलाको सम्झना जहिले नि आईराख्छ किन भने त्यो १५ दिनको ट्रेनिगंमा चाहि मलाई र मेरो ठुलो ममीको छोरी मेरो दिदिलाई चाहि पठाउनको लागी चाहि यति सकस भयो । घर बाट तेत्रो अनि पढि पनि राथियो । र फातिमा मा जागिर पनि गरिराथे भोलेन्टिएर भएपनि तर पनि चाहि अब त्यो कोहलपुर सम्म जानलाई १५ दिन उतै बस्नु पर्ने कोहोलपुरमा त्यसको लागी प्रमिशन मिलेन घर बाट ममिले पनि नाई भन्नु भयो अरु छिमेकीका मान्छे काहाँ हुन्छ त्यस्तो अनि हामी आफुलाई पनि आट आएन अनि पछि चाहि मैले हामीहरु महोमत सिद्दिकी ज्युलाई आन्टी नै भन्ने गर्थिम अनि आन्टिलाई भने आन्टी यस्तो यस्तो हो कसरी मिलाउनु हुन्छ अब त जान मिल्दैन का जान दिनु हुन्छ त्याहा त उहाँले चाहि म कुरा गर्छु भन्नु भो अनि उहाँले चाहि घरमा आउनु भयो अनि कुरा गर्नु भयो । घर फ्यामिलीलाई कन्भिन्स गर्नु भयो । सबै कुरा भन्नु भयो । अनि मेरो कुरा सुनेपछि जे होस हुन्छ लगनुस भनेर तपाईको जिम्मामा मेरो छोरी पठाईराछु भनेर भोलीको दिनमा केहि भयो भने तपाई नै जिम्मेदार हुनुहुन्छ त्यस्तो भन्नु भयो घर बाट अनि उहाँले चाहि हुन्छ म जिम्मेवारी लिन्छु यो सबै जति जना मेरो जिम्मेवारीमा जानुहुन्छ भनेर पठाउनु भयो । तर उहाँको लागी पनि ठुलो चुनौति थियो । अनि एक जना दिदि हुनुहुन्थ्यो । गंगा ओली भनेर उहाँ पनि फातिमा बाट उहाँ अहिले पनि हुनुहुन्छ । अनि तेती वेला जाहा मेरो ट्रेनिगं हुन्थ्यो त्यो एउटा कृषि बैंक छ । तेहाँ थियो तालिम केन्द्र हो त्यो अनि त्यस्को जस्ट छेउमा उहाँको घर थियो । गंगा ओली जिको त्यो

दिदिको अनि उहाँलाई पुरै जिम्मेवार लगाउनु भयो । महमती ज्युले कि हेर्नुस म यहाँ बाट पठाईराछु । तपाईको घरको छेउमा त्यो तालिम केन्द्र छ । तपाईको जिम्मेवारी हो । त्यहाँ तपाईले हेरचाह गर्नुपर्छ अनि उहाँले पुरै जिम्मेवारी लिनुभयो । तपाई दिदि उ नगर्नु म सबै हेर्छु ,म सधै गईराख्छु म राति, बेलुका पनि पुग्छु । त्यहाँ अनि हेर्छु । सबै जिम्मेवारी मेरो हो । भनेर उहाँले अझै एक जनालाई जिम्मेवारी दिनु भयो । किनभने उहाँलाई पनि त्यो डर थियो । केहि भईहाल्यो भने भोली जिम्मेवारी म हुन्छु सो उहाँले एति राम्रो सगं म्यानेज गर्नु भयो कि भोली कसैले केहि प्रश्न नउठाउने उनिहरुको माथि भनेर अनि त्यहाँ हामी १५ दिनको ट्रेनिगं लियौँ । त्यो दिदि चाहि बिहान बेलुका सुत्नु भन्दा अगाडी हुन्छ नि एउटा वार्ड गार्डेन जस्तै उहाँ आउनु हुन्थ्यो । अनि सबै हेर्नु हुन्थ्यो । त्यसपछि त्यहाँको मान्छे अरु हुनुन्थ्यो । उहाँहरुसगँ कुरा गर्नुहुन्थ्यो । राम्ररी राख्नु होला उहाँहरु यस्तो यस्तो समुदाय बाट आउनुभाको छ भन्दै जे होस एकदम राम्रो सगं गाईड गरेर जानुहुन्थ्यो । एकदमै सक्ससफुल त्यो १५ दिनको ट्रेनिगं लिए । र म यो कुरा किन सम्झीराछु जहिले पनि किन भन्दाखेरी त्यति अपठ्यारो भाको थियो । १५ दिनको ट्रेनिगंको लागी जानलाई र आज म आफुलाई फर्केर हेर्छु भन्दाखेरी मलाई अहिले चाहि कुनै ठाउँ जानु पर्यो भिजीटको लागी जानुपर्यो । अफिसको तर्फ बाट पनि त्यो १० दिनको लागी होस २० दिनको लागी होस म त यति लामो लामो भिजीट गरेछु । २५/२५ दिन सम्म फिल्डमा बसेको मान्छे हो । सो तेतीबेला अब अहिलेको अबस्था कस्तो छ भन्दा खेरी भोली मलाई कहि जानु छ भने मलाई आज पनि भन्नु पर्दैन घरमा प्याकिंग गरियो भोलि विहान जानुछ भने विहानै भन्दा पुग्छ । ममि फलानो ठाँउमा गईराछु एति दिनको लागी एति भनेपछि पुग्यो । त्यसपछि केहि गर्नु परेन र त्यति बेलाको त्यो संघर्षले चाहि यति फाईदा भयो । आज आएर त्यहि भएर म त्यो १५ दिनको ट्रेनिगंलाई बिर्सन सक्दीन । कि कस्तो गारो भाको थियो र मैले चाहि फातिमा मा केरे पहिला भोलेन्टीएर काम गरे पछि चाहि मैले धेरै प्रोजेक्टमा चाहि एज कोडिनेटर पनि काम गरे उहाँले चाहि धेरै मेरो मा चाहि तिमी चाहि राम्ररी गरियो भने धेरै अगाडी बढ्न सक्छौ । भनेर जहिले पनि भन्नु हुन्थ्यो । महमद सिद्कि दिदि ज्युले र तेहि अनुसारको उहाँले चाहि गाईड पनि गरिराख्नु हुन्थ्यो । अनि विचमा एक चोटि कस्तो भको थियो । भन्दाखेरी यो पनि ईन्सीडेन्ट जस्तै लाग्छ मलाई किनभने अव हुन्छ नि मान्छेलाई ल प्रोग्राम कोडिनेटर भएर काम गर्न थाले अव नेपालगन्ज भित्र एता उता त खासै तेती बेला जानु पर्थेन । तर फातिमामा एउटा चाहि नयाँ प्रोजेक्ट आको थियो । एसिया फाउन्डेसनको त्यसमा चाहि रेडियो प्रोग्राम गर्नुपर्ने थियो अनि त्यसको लागी चाहि अब के अरे त्यो फातिमा बाट पनि एउटा स्टाफले बोल्ने, ईन्टरव्युहरु गर्नको लागी स्टाफ चाहिएको थियो र हाम्रो अफिसवाट पनि ३ जना पनि ईन्ट्रेष्ट हुनुहुन्थ्यो । तेतिवेला ईन्कुल्डीगं मि र हामी ३ जना एक जनाको ठाउँ थियो अब ३ जना ईच्छुक भए पछि अब कसरी के गर्ने भन्दाखेरी ठिकै छ तिनै जनाले आवाज जाँच गराउनुस

अव उताबाट जसलाई भन्नु हुन्छ उहाँलाई चाहि सेलेक्ट गर्छ उहाँले चाहि योगदान गर्नुहुन्छ । अब तेसरी चाहि कुरा भईसकेपछि हामी ३ जना साथीहरु गईम स्टुडियो त्यहा भोईस रेर्कड गरियो । उहाँले त्यसमा मलाई छान्नु भयो । फस्टमा मलाई छान्नु भयो र सेकेन्डमा एक जना साथी हुनुहुन्थ्यो उहाँलाई छान्नु भयो सेकेन्ड नम्बरमा र तेसपछि मैले चाहि पहुच भनेर एउटा कार्यक्रम थियो । त्यो कार्यक्रम चाहि मैले चलाएको कार्यक्रम फातिमाको थ्रो बाट र त्यसमा खासगरि हामीले मुस्लिम समुदायमा पनि मुस्लिम महिलाहरुको अधिकार सगं रिलेटेड कुराहरुमा कार्यक्रमहरु हामी बनाउथ्यौँ र धेरै अन्त्तवार्ताहरु मुस्लिम लिडरहरु सगं यो अन्त्तवार्ता लिने गर्थे । मैले सग सगैँ चाहि अव ईसपेसीफिक कुनै अकेजनहरु हुदा खेरी जस्तै अब बालअधिकार दिवस, मानव अधिकार दिवस अब यो १६ दिने अभियान यस्तो यस्तो ईभेन्टहरुमा त्यो फेनिगं को वेला चाहि त्यो सगं रिलेटेडहरु कुराहरु पनि त्यसमा मैले चाहि समेट्ने गर्थे । त्यो कार्यक्रम चाहि धेरै राम्रो थियो । धेरै जनाले सुन्ने गर्दथ्यो त्यो कार्यक्रम सुनेर चाहि राम्रो मानेर चाहि  त्यसको अवार्ड पनि पाउनु भएको थियो एक जना साथीले के रे पहुच कार्यक्रमको संचालक मै भएतापनि मेरो सपोर्टमा एक जना साथि हुनुहुन्थ्यो । उहाँले चाहि त्यसमा अवार्ड पनि पाउनु भाथियो । यो हुमन्स डे को दिनमा चाहि उहाँ काठमाण्डौँ गएर एउटा अवार्ड पनि लिएर आउनु भएको थियो । तेहि कार्यक्रमले गर्दा नै किनभने त्यो कार्यक्रम एति राम्रो थियो । किनभने त्यो मा हामीले मानव अधिकारको मुद्दाहरुमा पनि काम गरिदिन्थेम । त्यसरी चाहि हामी त्यो कार्यक्रम बनाउने गर्थिम तर त्यसपछि मैले चाहि अरु फातिमा मा धेरै प्रोजेक्टहरु आउन थाल्यो र मैले एज प्रोजेक्ट कोडिनेटर भएर काम गर्दा गर्दै चाहि मलाई यो फ्याक्ट भन्ने संस्थाले प्रपोजल हाल्नु भको थियो पातिमा हो । त्यसमा चाहि अब तिमीले धेरै कार्यक्रम गरियो । अब त्यसपछि M & E मा चाहि एपलाई गर भनेर भन्नु भयो । M & E मेरो लागी एकदमै नयाँ थियो । तर त्यो भन्दा अगाडी मैले RDF को प्रोजेक्टमा कोडिनेटर भएर काम गरेको हुनाले त्यतिवेला त्यसमा M & E सग सम्बन्धीत कार्यक्रम थियो । छुट्टै M & E थिएन । सो मैले नै हेर्थे उहाँले चाहि मलाई तेतीवेला के भन्नु भो भन्दा खेरी कैकसा तपाईको M & E पनि राम्रो छ । यसपालि हामी भ्याकेन्सी गर्दा खेरी तपाई M & E मा एपलाई गर्नु न भनेर चाहि उहाँले मलाई सजेष्ट गर्नु भयो । अनि मैले भने खै अब तेती धेरै त अनुभव छैन । तर जे होस मैले चाहि अपलाई गरे र मैले चाहि M & E Officer भएर मैले चाहि त्यहाँ काम गर्न सुरु गरे र कार्यत्रम संयोजकमा एक जना अर्को साथी हुनुहुन्थ्यो र त्यहाँ चाहि M & E Officer भएर काम गर्दा खेरी आफुमा चाहि तेती कन्फीडेन्ट थिएन जती मैले चाहि एउटा संयोजकको पोष्टमा काम गरिराको थिए । तेती अनुभव थिएन । तर मैले अरु साथीहरुको साथ र सहयोग पाए । फातिमा वाट महमद सिद्दिकी ज्युले एती सहयोग गर्नु हुन्थ्यो । अब कुनै कुरा आउदैन भनेपछि त्यो को मान्छे सग हुन्छ कहाँ उसलाई ट्रेनिगं दिएर हुन्छ कि अथवा मिटिगं बसालेर २/४ घण्टा उनलाई

सिकाई दिनुहुन्छ । कि कसरी हुन्छ उहाँ चाहि क्यापासिटी विल्डीगंमा एकदम मलाई चाहि सपोट गर्नुहुन्थ्यो । सो मैले M & E मा प्रोगेस गरे र मैले चाहि २ वर्ष मात्रै फातीमामा M & E Officer कार्यक्रममा काम गरे र मैले सिधै एउटा चाहि मरसिको नेपालमा चाहि Vacancy आयो र मैले रिजनल M & E asst. मा एपलाई गरे र मेरो भयो पनि त्यहा भईहाले यो मैले त्यहा चै ३ बर्ष M & E asst. मा नै र २ वर्ष रिजनल M & E asst. भएर काम गरे । त्यसपछि त्यहाँ अब ठ्याक्कै ३ वर्ष मैले जागिर गर्दा खेरी ३ वर्ष नै वाकी थियो । त्यो प्रोजेक्टमा सो मैले ३ वर्ष त्यहाँ पनि काम गरे त्यसपछि मैले सि.सि नेपालमा पनि एज M & E भएर २ वर्ष काम गरे यसरी चाहि मैले NGO बाट INGO सम्म पनि काम गरे तर यदि मलाई चाहि त्यस्तो M & E तिमी गर्न सक्छौ । तिमीले चाहि अलिकती मात्र मेहेनत गर्नु पर्छ भन्ने सहयोग नपाएको भए चाहि मैले सायद INGO लेवलमा जान पाउदिन की भन्ने जस्तो मलाई फिल हुन्छ । किनभने उहाँहरुले गर्दा नै म त्यहाँ पनि पुगे र मलाई चाहि २/४ ओटा कुरा स्ट्राटिंगमा जस्तै जति खेर म चाहि फातिमा मा काम गर्थे अब मलाई हेर्दा खेर मेरो अलिकती हाईट पनि कम हेर्दा खेरी सानै देखिन्छु । अव age भएपनि म मेरो फेस हेर्दा खेरी कसैले जतीको मेरो age छ पत्याउन् मान्छे ले । सानै ठान्छन र मलाई याद छ मैले RDF को प्रोजेक्टमा चाहि Vacancy थियो । तेतीवेला चाहि RDF बाट पनि आउनु भा थियो । ईन्ट्रव्यु लिन लाई अनि उहाँ सरले चाहि मलाई भन्नु भएको थियो । मलाई चाहि भन्नु भएन जे हो स उहाँले अन्त्रवार्ता लिनु भयो । तर पछि मैले थाहा पाएको थिए धैरै पछि उहाँले चाहि फातीमा को टिमलाई भन्नु भएको थियो एति सानो छ अन्त्रवार्ता त राम्रो गरेछ उनले तर उहालाई चाहि के लाग्छ उसलाई चाहि पत्याउछन त संयोजकको रुपमा मलाई त लाग्दैन किन भने चाहि उ हेर्नमा एकदम सानो छ । अब यो चाहि स्टेक होल्डरहरु सगं, मेन स्टेक होल्डरहरु सगँ काम गर्नु पर्ने हो । कम्युनिटी लेबलमा गएर गर्नु पर्ने काम चाहि होइन । किन भने समुदाय लेवलमा चाहि अव सामाजिक परिचालकहरुले समन्वय गर्ने हो र चाहि जिल्लामा जिल्ला स्तरका सरोकारवालाहरु सगं काम गर्ने हो उस्ले सक्छ कि सक्दैन मलाई अलिकती संका लाग्छ भन्नु भएको थियो उहाँले । तेतीवेला अनि तेतीवेला महोमती सिद्दीकी ज्यु हुनुहुन्थ्यो, सपना भटराई जे होस उहाँहरु बोर्डमा हुनुहुन्छ उहाँहरु चाहि के भन्नु भयो नाई उस्ले सक्छ । किनभने उस्ले यत्रो वर्ष काम गरिराछ र हामीलाई चाहि पुरा विश्वास छ । उस्ले सकिहाल्छ चाहि भन्नुभा थियो । पछि त्यो प्राजेक्टमा चाहि मैले चलाए । सफल पनि भयो र अन्तिममा प्रोजेक्टका समापन कार्यक्रममा उहाँले आफ्नो कुराहरु राख्दा भन्नु भयो मैले चाहि कैकसा जिको अन्त्रवार्ता लिदा खेरी मलाई एउटा कुरामा संका थियो र त्यति बेला चाहि मैले हाम्रो अन्त्रवार्ताको टिम लगाएत फातिमाको बोर्ड मेम्बरहरु सगं चाहि छलफल गरेको थिए । कि उल्ले चाहि सक्छ कि सक्दैन मलाई अलि संका लाग्छ । किनभने उसको प्रस्नालिटी हेर्दा खेरी अलि बच्चा जस्तै देखिन्छ भनेर

त्यतिवेला चाहि फातीमाको बोर्ड मेम्बरहरुले नाई उल्ले चाहि गर्न सक्छ हामी एकदम विश्वास छौँ । भनेर चाहि भन्नु भाथियो र कैकसा जी सगँ काम गर्दा गर्दै मलाई त्यो कुरा विश्वास भयो कि उल्ले चाहि मजाले सम्पन्न गर्यो र प्रोजेक्टलाई चाहि समापन गरियो । आज मलाई यो कुरा भन्न मन लाग्यो र इस्पिचमा नै भन्नु भको थियो । तेतीवेला त्यो कुरा सुन्दाखेरी आफुलाई नी धेरै खुसी लाग्यो कि हुन्छ नि मान्छेलाई फट्टै हेर्दा खेरी भने एनालाईज गरिहाल्छौ कस्तो होला भनेर एक नजर उलाई हेर्यो फेस हेर्यो, बडि हेर्यो, स्टक्चर हेर्यो, भने हामीले पनि आफ्नो दिमागमा केहि न केहि उस्को लागी चाहि एउटा जजमेन गरिहाल्छौ । तर जब काम गर्दै जान्छम उ सगं बल्ल थाहा पाईन्छ कि उस्को भित्र के के क्वालिटीहरु छ । तर जे होस मैले चाहि कुराहरु किन भने भन्दाखेरी मैले चाहि सुरुवात देखि लिएर काम गर्दै काम गर्ने क्रममा पनि हरेक ठाउबाट धेरै सहयोग पाको हो । किनभने चाहि अव भनुमन मुस्लिमहरुलाई पनि थाहा थियो मुस्लिम समुदायबाट यदि कोहि मान्छे अगाडी आईराछ भने उल्लाई ईन्करेज गर्नुपर्छ । किनभने मान्छे आउदैनन यो समुदायबाट र जो आईराछ उस्लाई अलिकती उस्को क्यापासिटी विल्डप भयो अलिकती ईन्करेज गर्यो भने उस्को कन्फीडेन्ट लेबल बढ्छ र उ अगाडी जान सक्छ । सो यसरी चाहि नेपालगन्जका थुप्रै लिडरहरु हुनुहुन्छ जसवाट मैले चाहि तेस्तो चाहि सपोर्ट पाको हो । आफुलाई चाहि आफ्नो करियर विल्डप गर्न को लागी ।

प्रश्न : कैकसा जी ?

उत्तर : हजुर

प्रश्न : तपाईले धेरै कुराहरु शेयर गर्नुभयो । आफ्नो बाल्य अवस्था देखि यो अवस्था सम्म आउदा खेरीको कुराहरु जुन भन्नु भयो चुनौतिहरु पनि भन्नु भयो । होईन पारिवारीक सामाजिक चुनौतिहरु पनि भन्नुभयो । अनि अलिकती अब तपाई बाहिर निस्किनलाई चाहि घरपरिवारबाट सपोर्टै पाए भन्नु भयो तर अहिलेको अबस्थामा हेर्दा खेरी अहिले पनि मुस्लिम समुदायमा गाह्रो नै छ किशोरीहरुलाई, महिलाहरुलाई बाहिर निस्किन तपाई आफ्नै टोल एरिया समुदायमा चाहि रोल मोडलको रुपमा पनि हुनुहुन्छ अनि अरु किशोरीहरुलाई, अन्य महिलाहरुलाई बाहिर निस्किन कसरी सपोर्ट गरिरहनु भाको छ के गरिरहनु भाको छ ?

उत्तर : हजुर म यस्मा पनि भन्छु तर चाहि मैले एउटा, दुईटा कुराहरु छुटाए तर भन्नै पर्छ किन भने मुस्लिम समुदायमा महिलाहरुलाई शिक्षामा चै जे होस छोरीहरुलाई पढाउन पढाईराखेको हामी सबै देखिराछौँ किनभने अब अहिलेको कुनै पनि कलेजमा जादा खेरी मुस्लिमहरुको पनि बाहुल्यता देखिराछ । पहिलाको भन्दा अहिले तर चाहि जागीर गर्नलाई अहिले पनि धेरै रोकटोक छ र मैले चाहि २,३ वटा कुरा के भन्न खोजेको भन्दाखेरी जसरी

मैले चाहि रेडियो कार्यक्रममा काम गर्न सुरु गरे रेडियो कार्यक्रम मैले सन्चालन गरे अब त्यो बाट Salary आउथ्यो नि मलाई त्यो Salary अव भनुम न त्यो पैसा त घरमा पनि दिन्थे आफ्नो पनि खर्च गर्थे अनि मैले एक चोटी अब मेरो घरमा मिठो कुरा पाक्दा खेरी परिवार छिमेकमा दिने चलन छ सबैको घरमा हाम्रो छिमेकहरुमा मैले पनि मेरो ममीले मेरो ठुलो बुवाको घरमा दिएर आउ भन्नु भको थियो । अनि मैले त्यो लिएर जादा लिनु भयो फर्केर आउदा खेरी म गईसकेछु भन्ने उहाँलाई फिल भयो अनि उहाँले भन्नु भयो होईन उनले ल्याको खानु हुदैन उल्ले चाहि रेडियोमा बोल्छ उल्ले चाहि आफ्नै आबाज बेचेर चाहि पैसा कमाउछ । त्यस्तो पैसा हामीलाई चाहि खानु हुदैन हराम हो सम्म पनि भन्नुभाको हो सो कस्तो छ भन्दा खेरी पहिला जस्तो मलाई रोकटोक थियो । म सगँसगै १,२ जाना निस्किनुभा थियो । उहाँहरुलाई पनि रोकटोक थियो धैरै कुराहरुमा तर अहिले चाहि त्यो व्यक्तिहरु आएर हामी सगं सरसल्लाहाहरु लिन्छन यस्तो कुनै काम गर्न थाल्यो भने अझै यिनीहरु त जागीर गर्छन । धैरै अगाडी बढी सकेका छन । यीनीहरुसगं सल्लाहा लिनुपर्छ भन्ने समेत गर्छ । तर यदि कुनै जागीरको कुरा गरियो अथवा आफ्नै समुदायमा छोरीहरुलाई पढाउनुस भन्दा खेरी पढाउनलाई चाहि पढाई राख्नु भाछ जस्तो आर्थिक स्थिती कसैको कमजोर छ भने उल्ले चाहेर पनि पढाउन सकिराको छैन । त्यो एउटा बेग्लै पार्ट हो तर जो सगं आर्थिक अवस्था जस्को राम्रो छ उस्ले आफ्नो छोरीहरुलाई चाहि पढाई राखेको छ । जागीरको लागी अहिले पनि धैरै सघंर्ष गर्नु पर्ने देखिराछ । जागीरको लागी चाहि गरिदिनु हुन्न किनभने के भन्नु हुन्छ भन्दा खेरी तिमीहरु पढ्यौ यत्रो पैसा छदैछ । किन जागीर गर्नुपर्यो । उहाँहरु किन जागीर गर्नुपर्यो जब हामी गरिराछौ पैसा घरमै छ भने त्यहि खर्च गरन महिलाहरु कमाईराछन भने किन के को लागी कमाईराछन खर्च को लागी उहाँहरुको त्यो सोच छ जब कि महिलाहरु त्यो पैसा कमाउनको लागी होईन कि आफु सेल्फ डिफेन्स, ईन्डिपेन्डेट हुनको लागी बाहिर निस्किन खोज्यो आफु हरेक ठाउमा सफल होस भनेर चाहि महिलाहरु निस्किराछन र उहाँहरुलाई निस्किन पर्छ र उहाँलाई बाहिर गएर काम गर्नु पर्छ आफुलाई चाहि आफ्नो भविष्य आफै बनाउनु पर्छ भन्ने यो कुरामा चाहि अझै मुस्लिम समुदायमा चाहि गह्रो छ र हामीलाई पनि गाह्रो छ यदि हामीले पनि भन्यो भने कि तपाई आफ्नो छोरीलाई जागीर लगाईदिनुस भनेपछि तेती राम्रो रेस्पोन्स अहिले पनि दिनुहुन्न । धैरै कुराहरुमा मान्नु हुन्छ तर अब जागीरको कुरा तेती मान्नु हुन्न र अब अहिले जाहाँ पायो त्यहाँ छिट्टै जागीर पनि पाउदैन भर्खरै पाउदैन के भन्दिनु हुन्छ ल ठिक छ तपाईहरुलाई लाग्छ म छोरीलाई जागीर गराम त्योसो भए ल लगाईदिनसु न बैंक मा, म कहाँ लगाई दिने त्यो त आफै पढ्ने हो । आफ्नो पढिसकेपछि के हुन्छ, अन्त्तवार्ता दिएर पास गरेर त्यो जाने हो त तेस्तो कुरा त्यो चाहि सोच्नु हुन्न उहाँहरुले कि छोरीलाई राम्ररी पढाईदियो भने पढाएपछि त्यो आफै त्यो ठाउमा पुग्छ यदि हामीले चाहि कन्भिन्स गर्न खोजीम भने त्यो सबै जिम्मेवारी चाहि हामीलाई नै लिनुपर्छ भन्ने त्यस्तो

गरिदिनुहुन्छ उहाँहरुले र अहिले चाहि मुस्लिम समुदायका महिलाहरुले स्कुलहरुमा शिक्षक चाहि हुनुहुन्छ, पढाउनुहुन्छ । अनि वहालाई के लाग्छ त्यो एउटा सुरक्षित स्थान हो । शिक्षक भनेको एकदम राम्रो हुन्छ । उल्लाई चाहि सम्मान पनि त्यतिकै दिनु हुन्छ । कि उस्ले पढाईराछ भनेर एकदम सुरक्षित ठाउमा छ तर अन्य जागीरमा जानलाई चाहि सुरक्षित मान्नु हुन्न । त्यो अव त्यो कुरामा अलिक गाह्रो छ । अब म पछि को भनमन मेरै परिबार छिमेकीहरुमा चाहि अब मेरो ठुलो ममीको दिदिको छोरी भनुमन भान्जी पर्नुहुन्छ त्यो पनि अव सानै हुनुहुन्छ अव उहाँहरुले नर्सिंग गर्नु भयो । त्यतिवेला हामीहरुवाटै ईन्पाएर हुनुभयो । फातीमामा धेरै मुस्लिम महिलाहरु हुनुहुन्थ्यो अब भिनाजुले मलाई आएर सोध्नु हुन्थ्यो दिदिलाई आएर सोध्नु हुन्थ्यो पढाम कि नपढाम यिनीहरु नर्सिगंको लागी अपलाई गरेछन नाम पनि आईहालेछ अब राजविराज पठाउनु पर्ने तेतीवेला तेती टाढा चाहि पठाम कि नपठाम तपाईहरुले के गर्नुहुन्छ अनि हामीहरुले ठ्याक्कै भने हेर्नु भिनाजु पठाउनुस किनभने आज पठाउनु हुन्छ भने भोली उनीहरुको करियर राम्रो हुन्छ उहाँहरुले त्यो कुरा मान्नु पनि भयो । उहाँले आफ्नो २ ओटा छोरीलाई नर्सिगंको लागी पठाउनु पनि भयो । एक जनालाई राजविराजमा गएर छात्रवृतीमा पढ्नु भयो । एक जना चितवनमा गएर छात्रवृतीमा पढ्नु भयो । अहिले उहाँ चाहि भेरी अस्पतालमा चाहि जागीरे हुनुहुन्छ । सो केहि मान्छेहरुले चाहि अब भनुम न हामीहरुबाट ईन्स्पाएर भएर जागीर सम्म लाग्नु भएको छ । अव केहि मान्छेहरु पढिराख्नु भाछ र बेला बेलामा जे होस उनिहरु हामी सगं सल्लाहा लिइराख्नु हुन्छ । तर अब त्यो हुन्छ नि एउटा कन्सेप्ट पुरै पढाएर ठुलै डाक्टर, ईन्जिनियर बाहिर चाहि जागीरमा पठाम त्यो पनि एकदम अहिले संर्घष कै कुरा हो । अब मेरै कुरा गर्दा खेरी अब मैले मास्टरस गरिहाले तर मास्टरस सम्ममा पनि यदि म बाहिर गएर खोज्थे भने मैले पाउथिएन र अहिले पनि म पाउदिन तेत्रो स्वतन्त्रता हुदा पनि म यदि घरमा भन्छु भने ल म अगाडी कोर्सको लागी अथवा केहि पढ्नको लागी म बाहिर Apply गरम भनेपछि मेरो घर बाट पनि अनुमती पाउदिन सो यो सघंर्ष अहिले नै चलि नै राछ । यो कहिले सकिन्छ थाहा छैन तर बिस्तारै बिस्तारै धेरै चाहि परिर्वतन आईसकेको छ ।

प्रश्न : कैकसा जी

उत्तर : हजुर

प्रश्न : धेरै कुराहरु भन्नु भयो सुनाउनु पनि भयो होईन परिर्वतन हुने क्रममा छ भन्ने कुराहरु गर्नुभयो होईन एकदमै हामी सबैले महसुस गरेको कुरा पनि हो । अब तपाईले काम गर्दा गर्दै खेर चाहि जस्तै धेरै काम गरिराख्नु भाछ एज आफु नै आफ्नो समुदायको लागी रोलमोडेल हुनुहुन्छ होईन ।

LOOM

उत्तर : हजुर

प्रश्न : अनि तपाईले काम गर्दा चाहि आफु ले आफुलाई महिलावादी हु भन्नु भाछ ?

उत्तर : हजुर

प्रश्न : जस्तै महिलाबादी हु भन्दा खेरी चाहि तपाईको आफ्नो महिवादी यात्राको मुल्यमान्यता के हो अलिकती बताईदिनु न ।

उत्तर : अब एस्तो हो के अब महिलावादी अब एस्तो हुन्छ हेर्नुस जल्ले पनि त्यो महिलाहरुको लागी काम गर्न थाल्यो महिलाको लागी महिलाको सवालहरुमा काम गरिराछ त्यसमा चाहि अब भन्ने गरिन्छ नि यिनीहरु अब महिलाको सवालहरु उठाई राख्छ महिलाको लागी मात्र काम गर्छन पुरुषहरुको चाहि अहिले भनुम न पुरुषहरु पनि पिडीत छन तर उहाँहरुको लागी तपाईहरु चाहि आवाज उठाईदिनु हुन्न तपाईको महिला मात्रै पिडीत छैन पुरुषहरु पनि पिडीत छन तर कहिन कही कस्तो छ भन्दा खेरी महिलाहरु चाहि पुरुषको तुलनामा अलि चाहि पछाडी नै हुनुहुन्छ सो । उहाँहरुलाई चाहि अब पहिलो मुल मान्यता त हाम्रो लागी तेहि होनी त पहिला महिलाहरुलाई अगाडी बढाउने आफु पनि अगाडी बढाउने आफु पनि बढ्नुपर्यो र अरु महिलाहरुलाई पनि अगाडी बढाउनु पर्यो उहाँहरुलाई चाहि कमसेकम पुरुषभन्दा अगाडी नलगेपनि पुरुषको बराबरी सम्ममा चाहि पुर्याउनु पर्यो । त्यसपछिको अगाडी चाहि त्यो प्रतिस्पर्दा आफै गर्नु हुन्छ । त्यहासम्म आफै गर्नु हुन्छ त्यहा सम्म चाहि पुर्याएम भने त्यसपछि अगाडी चाहि अब पुरुष सगंसगै मिलेर काम गर्छन सगसगै सोच कस्तो हुन्छ भन्दाखेरी यीनीहरु चाहि मात्रै महिला महिला गर्छन महिलाको लागी मात्रै काम गर्छन पुरुषको लागी केहि पनि सोच्दैनन भन्ने चाहि हुन्छन तर तेस्तो चाहि छ जस्तो लाग्दैन किन भने हामीले चाहि पुरुषलाई हेला गरेको छैनम उहाँहरुलाई केहि भनेको पनि छैनम जो पुरुषहरु पीडीत हुनुहुन्छ उहाँहरुको लागी पनि कुरा चाहि गरिराखेको हुन्छ । जस्तो सुरुसुरुमा कस्तो हुन्थ्यो भन्दाखेरी फातीमामा काम गर्दा खेरी थोरै केशहरु आथ्यो । घरेलु हिंसा सगँ रिलेटिभ कुराहरु धेरै हिंसा भएको केशहरु आउथ्यो । तेतीबेला चाहि एउटा दुईटा यस्तो केसहरु पनि आउथ्यो पुरुषहरु पनि पिडीत हुन्थ्यो अनि उहाँहरु भन्नु हुन्थ्यो तपाईहरु महिलावादी संस्था महिलाको लागी मात्र काम गर्नु हुन्छ । पुरुषको लागी मात्र काम गर्नु हुन्न पुरुषको लागी पनि हेरीदिनु पर्यो नि पुरुषहरु पनि पिडीत हुनुहुन्छ अनि तेतीवेला हामी चाहि पुरुषहरुको कुराहरु पनि सुन्थ्यो । उहाँहरुको गल्ती छ कि महिलाको कस्को गल्ती छ दुबै पक्षलाई सुनेर जस्को गल्ति हुन्थ्यो सम्झाउने बुझाउने अथवा के गर्न सकिन्छ त्यसरी चाहि हामी जाने गर्थिम त्यसरी नै अहिले पनि तेहि अनुसार काम हुन्छ सो महिलावादीको मुल्यमान्यताको

कुरा गर्नुहुन्छ भने केहि कुरामा चाहि हामी महिलालाई चाहि प्राईवेटमा राख्छम र चाहि सगंसगै चाहि उहाँहरु पुरुषहरुको लागीपनि काम चाहि गरेकै हो ।

प्रश्न : कैकसा जी.... अव तेती लामो समय काम गरिराख्नु भाको छ होईन हाम्रो समुदायको लागी आफ्नो लागी पनि होईन समग्रमा समाजको लागी काम गरि राख्नु भाछ अनि त्यो काम गर्दाखेरी चाहि अब अगि तपाई ले नै भन्नु भयो समुदायले आफ्नो समाजले यसरी हेर्छ, लान्छना लगाउछ पनि भन्नु भयो यो सबै गर्नुमा उहाँको लाल्छनालाई पनि समेटेर लादै गर्दा तपाई आफ्नो काम गरेको कुरामा चाहि सन्तुष्ट हुनुहुन्छ ?

उत्तर : अ एकदमै धेरै सन्तुष्ट छु । यो कुरामा म किनभने चै मैले चाहि तेत्रो त्यहाँ सम्म पुग्छु भनेर सोचेकै थिएन । एउटा चाहि हुन्छ नी जुन परिवारको परिवेश जुन अनुसार आफुलाई चाहि जुन ठाउँमा हुर्केको हुन्छु जतीको कुराहरु थियो तेती बेला माईन्डमा थियो त्यो कुरा चाहिले गर्दा म यहाँसम्म पुग्छु भन्ने मैले कल्पना पनि गरेको थिईन । सो अब जुन लेवल सम्म म आई पुगे सो म यस्मा चाहि एकदमै सन्तुष्ट छु र मलाई चाहि आफैमा गर्भ महसुस हुन्छ किन भने जो घरबाट निस्कीनलाई पनि भनुम न एत्रो चुनौति हुन्थ्यो स्कुल सम्म जानलाई एउटा साईकल चलाउनलाई यति चुनौति हुन्थ्यो । भनमन अब स्कुल टाढा छ । क्याम्पस जानु पर्थियो । क्याम्पस जानलाई पनि म साईकल चलाएर गयो भने म पढ्न पनि पाउदिन भन्ने जुन डर थियो नि तैले गर्दा खेरी त्यो साईकल नचलाएर बरु रिक्सैमा गएर ब्याचलर त्यहाबाट गरेभनेपछि अब अहिले आएर जुन अवस्थामा छु । भन्दाखेरी मलाई एकदमै सन्तुष्टी लाग्छ म आफै माथि मलाई गर्भ महसुस हुन्छ । जे होस मैले जती सघंर्ष गरे त्यसको चाहि फल पनि पाए अगाडी आएर ।

प्रश्न : कैकसा जी... अब हामी अन्तीम अन्तिममा छौँ ।

उत्तर : हजुर

प्रश्न : अब चाहि आउने आफुभन्दा सानो भाई बहिनीको लागी वा आफ्नो समुदायहरुको लागी चाहि आफुले जस्तै काम गर्नु र आफु जस्तै बन्नलाई चाहि के भन्न चाहानु हुन्छ

उत्तर : उहाँहरुलाई म चाहि सब भन्दा पहिला के भन्न चाहान्छु उहाँहरुलाई के भन्छु भन्दा खेरी जे जसरी जती हुन सक्छ सब भन्दा पहिला चाहि शिक्षा हासिल गर्नै पर्छ किनभने हामी यदि शिक्षा हासील गरेनौँ भने हामीलाई चाही अगाडी बढ्न एकदमै गाह्रो हुन्छ र शिक्षा हासील गर्नको लागी के हुन्छ कसरी कतिको कन्भिस गर्न सक्नु हुन्छ आफ्नो परिवारलाई पनि कन्भिन्स गर्नुस र पढ्नुस किनभने तपाईले यदि पढ्नु भएन भने तपाईको अगाडीको भविष्य बढाउन चाहि एकदमै गाह्रो हुन्छ तर पढ्दा खेरी अथवा जागीर गर्दा खेरी जुन हाम्रो

LOOM

भनम न एउटा ईस्लामले दिएको एउटा सिमाक्षेत्र एउटा जुन लिमीट छ त्यो लिमीटलाई चाहि क्रस नगर्नुस एउटा आफ्नो लिमीटमा बसेर नै जे पनि गर्न सक्नुहुन्छ । त्यो केटिहरु बाहिर निस्किदैमा बिग्रीदैन बाहिर न निस्केका केटीहरु पनि थुप्रै बिग्रेका छन । बाहिर निस्के पछि केटि बिग्री भन्ने जुन धारणा छन प्लिज त्योलाई चाहि हटाउनु होला मान्छे बाहिर निस्किदैमा कहिलेपनि विग्रदैन उस्को परिवारले उलाई राम्ररी परवरीस गरेको छ । राम्रो एजुकेसन हासील गरेको छ भने उल्ले आफ्नो लिमीटेसन क्रस गरेन भने उल्ले पाईलट देखि लिएर ईन्जिनिएर देखि लिएर जे पनि बन्न सक्छ । जाहा पनि जान सक्छ जरुरी छैन तपाई नेपालमै बसेर काम गर्नुपर्छ तपाई अरु देशमा पनि गएर काम गर्न सक्नु हुन्छ तर आफ्नो दायरा जुन छ । जुन एउटा पारिवारीक समाजले बनाको अथवा भनुम न एउटा हाम्रो धार्मीक हिसावले जुन एउटा दाईरा छ । त्यसलाई चाहि नाग्नु हुदैन । त्यो त मुस्लिममा मात्र होईन कि सबै समुदायमा गर्ने धर्म हो । त्यो कुराहरु चाहि भनेको हुन्छ । जुन कुरा गलत छ । त्यसलाई गर्नु हुदैन कहिले पनि गर्नु हुदैन सबैको धर्मले भन्छ । त्यो मैले भन्न खोजेको तेहि हो । आफ्नो लिमीट भन्दा बाहिर नगरेर तपाई जे पनि गर्न सक्नु हुन्छ । तर त्यस्को लागी तपाईलाई चाहि शिक्षा चाहि हासील गर्नु पर्छ । त्यसपछि तपाईको भविष्य एकदम उज्यालो हुन्छ र तपाई आफ्नै आफै माथि गर्भ गनुहुन्छ कि म एउटा मुस्लिम समुदायबाट अहिले एत्रो शिक्षा हासिल गरेर यहाँ सम्म पुगे भनेर सो म यहि कुरा सबैलाई भन्नु चाहान्छु ।

प्रश्न : हुन्छ अनि अरु केहि छ तपाईलाई यो चाहि भन्न पर्ने थियो छुट्यो भन्ने केहि छ भने हामीलाई नै सुझाब छ भने देखि नै राखिदिनु न ।

उत्तर : अरु त अब तेस्तो लागीराछैन धेरै कुराहरु चाहि भने जस्तो लाग्यो अथवा तपाईलाई केहि छुटेको जस्तो छ भन्ने लाग्छ भने प्लिज भन्नु न म भन्छु किन भने एकहोरो बोल्दा बोल्दा अव कति कुरा स्किप पनि भईराहुन्छ थाहा हुदैन कस्तो भयो ?

प्रश्न : समग्रमा सबै कुरा समेटीएको छ भन्ने लाग्छ ।

धन्यवाद ।